# जोरायल राजपत्र

## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या १२ मिति २०८० चैत्र ०२ गते

## भाग २

## जोरायल गाउँपालिकाको सूचना

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ;**

### संवत् २०८० को कार्यविधि नं १२

बाझो जमिनमा करार खेती कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८०

स्वीकृत मिति:२०८०/११/३०

जोरायल गाउँपालिका

प्रस्तावनाः जोरायल गाउँपालिका डोटीमा लामो समय देखि बाँझो रहदै आएका खेती योय जमिनमा पुनः खेती गर्ने कृषकहलाई प्रोत्साहन गर्दै कृषि क्षेत्रको विस्तार, उत्पादन र उपादकत्वमा वृद्धि गरि कृषकको आर्थिक स्तरमा सुधार ल्याउनको लागि यो कार्यविधी स्वीकृत गरि लागू गरिएको छ ।

परिच्छेद —१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "बाँझो जमिनमा करार खेती कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा ,

(क)"आवेदक" भन्नाले बाँझो जमिनमा करार खेती गर्न जोरायल गाउँपालिकामा समक्ष आवेदन पेश गर्ने कृषक/निजी कृषि फर्म/ कृषक समूह/कृषि सहकारी संस्थालाई सम्झनुपर्छ ।

(ख) "कार्यक्रम" भन्नाले स्वीकृत बाँझो जमिनमा करार खेती कार्यक्रम र बजेट सम्झनुपर्छ।

(ग)"शाखा" भन्नाले जोरायल गाउँपालिका मातहतको कृषि विकास शाखा सम्झनुपर्छ।

(घ) "वडा" भन्नाले जोरायल गाउँपालिका मातहतका ६ वटै वडा कार्यालहरुलाई सम्झनुपर्छ।

(ङ)"प्रदेश" भन्नाले सुदूरपश्चिम सम्झनुपर्छ ।

जोरायल गाउँपालिका

(च) "प्रस्ताव" भन्नाले बाँझो जमिनमा करार खेती कार्यक्रम सञ्चालनका लागि प्राविधिक तथा आर्थिक सहयोग प्राप्त गर्न पेश भएको आवदेन र योजना सम्झनुपर्छ ।

(छ)“बाझो जमिन” भन्नाले कुनै ब्यक्तिको नाममा नापि भई सो व्यक्ति वा अन्य कसैले पनि विविध कारणले विगत कम्तिमा तीन वर्ष देखि कुनै किसिमको खेती नगरि प्राकृतिक अवस्थामा रहेको कृषि योग्य जमिन भन्ने सम्झनुपर्छ ।

(ज) “आर्थिक विकास समिति” भन्नाले जोरायल गाउँपालिकाको आर्थिक विकास समिति सम्झनुपर्छ ।

(झ)"मूल्याङ्कन समिति” भन्नाले यस कार्यविधिको दफा ३ अनसुार गठित समिति सम्झनुपर्छ।

(ञ)"साझेदार संथा" भन्नाले कार्यक्रम संचालन गर्नका लागि छनौट भएका कृषक/निजी कृष फर्म/ कृषक समूह/कृषि सहकारी विकास साझेदार संघ संस्थाहरु सम्झनुपर्छ ।

(ट) “स्थानिय तह” भन्नाले जोरायल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## संथागत व्यवस्था

३. मूल्यङ्कन समितिको गठनः (१) आवेदकवाट पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गर्न यस जोरायल गाउँपालिका अध्यक्ष ज्यूको संयोजकत्वमा ९ सदस्यीय मूल्याङ्कन समिति रहनछे ।

१. संयोजकः जोरायल गाउँपालिका प्रमुख

२. सदस्यः जोरायल गाउँपालिका उप प्रमुख

३. सदस्यः गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत

४. सदस्यः योजना शाखा प्रमुख

५. सदस्यःभौतिक पूर्वाधार शाखा प्रमुख

६. सदस्यः सहकारी प्रतिनिधी

७. सदस्यः कृषक प्रतिनिधि

८. सदस्यः पशु सेवा शाखा प्रमुख

९. सदस्य सचिवः कृषि विकास शाखा प्रमुख

(२) मूल्याङ्कन समितिमा बढीमा ३ जना सम्म बिषयगत शाखा का प्रमुख तथा प्रतिनिधी समावेश गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हनेछः

(क)मुल्यमङ्कन समितिले मूल्याङ्कन मापदण्डहरु तयार गरि सो को आधारमा मूल्याङ्कन गर्ने ।

(ख) आवश्यकता अनसुार प्रस्तावित कार्यक्रम स्थलको स्थलगत निरिक्षण गर्ने ।

(ग) प्रस्तावना अध्ययन र स्थलगत निरिक्षण मूल्याङ्कन गरि समितिमा पेश गर्ने ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन विधी

४.कार्यक्रम लागू हुने स्थानः यो कार्यक्रम जोरायल गाउँपालिका भरि लागू हुनेछ ।

५.प्रस्ताव माग गर्नेः (१) जोरायल गाउँपालिकाले बाँझो जमिनमा खेतीको लागि करारमा जमिन उपलब्ध गराउँन ईच्छुक व्यक्तिहरु सूचीकृत हुनु अनसुचुी-१ बमोजिम गाउँपालिकाको लेटर प्याडमा १५ दिने सूचना प्रकाशन गर्नुपर्नेर्छ ।

(२) उपदफा १ बमोजिम सूचीकृत हुनु कम्तीमा १० रोपनी बाँझो जमिनमा कम्तिमा १० वर्षको लागि करारमा उपलध गराउनु पर्नेछ ।

(३) पालिकाले बाँझो जमिनमा खेती गर्न इच्छुक आवेदकवाट प्रस्ताव पशे गर्न पालिकाको लेटर प्याडमा अनसूचि- २ बमोजिमको ढाँचामा १५ दिने सूचना प्रकाशन गर्नुपर्ने छ । आवेदकले कम्तीमा १० रोपनी बाझो जमिन कम्तिमा १० वर्ष सम्मको लागि खेती गर्नुपर्ने छ ।

(४) उपदफा १ र उपदफा २ बमोजिम प्रकासित सूचना पालिकाको सूचना पाटी तथा फेसबुक पेजमा समेत राख्नुपर्नेछ ।

६.प्रस्ताव पेश गर्नेः (१) दफा ५ बमोजिम प्रकासित सूचनाको आधारमा बाँझो जमिनमा खेतीको लागि करारमा जमिन उपलब्ध गराउन इच्छुक व्यक्तिले अनुसूची-३ बमोजिमको निवेदन पालिकामामा दर्ता गर्नु पर्नेछ ।

(२) खेती गन ईच्छुक व्यक्तिहरुले अनुसूची -४ बमोजिमको आवेदन र अनुसूची-५ बमोजिमको प्रतिवद्धता सहित जोरायल गाउँपालिकामा दर्ता गर्नुपर्नेछ ।

७.बाँझो जग्गाको बैक स्थापना:जोरायल गाउँपालिकाले बाँझो जमिन करारमा उपलब्ध गराउँन ईच्छुक व्यक्ति र खेती गर्न ईच्छुक आवदेकहको लगत संकलन गरि बाँझो जग्गाको बैक स्थापना गर्नेछ ।

परिच्छेद-४

कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

८.सझौताः छनौट भएका विभिन्न समूह सहकारी फर्महरुसँग तपसिल अनुसार विधिहरु अपनाई सम्झौता हुनेछ ।

१. बाँझो जमिन करारमा उपलब्ध गराउन ईच्छुक व्यक्ति, आवेदक र गाउँपालिका बिच त्रिपक्षिय सम्झौता गरिनेछ । लाभग्राहिले सझौता गर्न अघि अन्य विकास साझेदार संस्था संघ प्रदेश मातहतका निकायबाट दोहोरो सुविधा नलगेको प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

२.सझौता भएपश्चात बाँझो जमिन करारमा दिने र खेती गर्ने दायित्व सम्वन्धित व्यक्ति, समूह, सहकारी संस्था र साझेदार संथाको हुनेछ ।

३.साझेदारले सझौतामा उलेख भए अनसुार जमिनको क्षेत्रफलमा उल्लेखित समय सिमासम्म खेती गर्नुपर्ने छ ।

४.सझौताको बखत बाँझो जमिन करारमा दिने व्यक्तिले उल्लेखित समयसम्म जग्गा रोक्का राख्नुपर्नेछ ।

९.भुक्तानी : बाँझो जमिन करारमा उपलध गराउने व्यक्तिलाई जग्गाको प्रकृति हेरि वार्षिक रुपमा प्रति रोपनी २५०० अक्षरुपीः दुई हजार पाँच सय रुपैयाँको दरले जोरायल गाउँपालिकाले नियमानुसार भुक्तानि गर्नुका साथै प्रत्येक २ वर्षको अवधिमा १० प्रतिसतका दरले पहिलेको भाडामा वृद्धि गरि भुक्तानि दिनेछ ।

१०.साझेदारलाई प्रत्साहनः बाझो जमिनमा खेती गर्न व्यक्ति, समूह, सहकारी संस्था र साझेदार संस्थालाई आवश्यक भौतिक संरचना, सिंचाई, प्रविधी तथा बीउ विजन का साथै पूँजी परिचालनमा प्राथमिकता दिईनेछ ।

परिच्छेद -५

## विविध

११.अनगुमन तथा मूल्याङ्कनः

१.जोरायल गाउँपालिकाले सझौता भए पश्चात नियमित अनगुमन, सुपरिवेक्ष ण तथा पृष्ठपोषण गर्नेछ ।

२.स्थलगत निरिक्षण गर्दा दिईएका मौखिक तथा लिखित सुझाव सल्लाह पालना गरि कार्यक्रम सम्पन्न गर्नु अघि साझेदारको दायित्व हुनेछ ।

१२.कारबाहीको व्यवस्थाः लाभग्राहीले विकास साझेदार संस्था संघ प्रदेश मातहतका निकायबाट दोहोरो सुविधाको दुरुपयोग गरेको पाइएमा भुक्तानि भएको रकम प्रचलित कानून अनसुार ब्याज सहित असलु उपर गरिनेछ ।

१३.संशोधनः यो कार्यविधी कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा जोरायल गाउँपालिकाले संशोधन गर्न सक्नेछ ।

१४.प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधीमा उलेख भएका बुँदाहरु प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजीम नै हुनेछ।

## अनुसूची -१
(दफा ५ को उपदफा १ सगँ समवन्धित)

बाँझो जमिन करारमा दिन ईच्छुक व्यक्ति सूचीकृत हुनको लागि सूचनायस जोरायल गाउँपालिका डोटीको आर्थिक वर्ष २०८०/०८१को वार्षिक स्वीकृत कार्यक्रम अनसुार बाँझो जमिनमा करार खेती कार्यक्रम सञ्चालनको लागि बाँझो जमिन करारमा दिन ईच्छुक व्यक्तिले तपसिल बमोजिमका कागजात

सहित सूचीकृत हनुको लागि जोरायल गाउँपालिका डोटीमा आवदेन दर्ता गर्न हुन आवहान गरिन्छ । साथै रित नपुगि हुन आएका आवेदनलाई कार्यक्रमका लागि यो समावेश गराउन नसकिने व्यहोरा समेत जानकारी गराईछ ।

तपसिलः

१. १०/- को हुलाक टिकट टाँस गरेको अनुसूची -३ अनुसारको आवदेन,

२.निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

३.जग्गा धनि प्रमाण पूर्जाको फोटोकपी ।पुनश्चः "बाँझो जमिनमा करार खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०” यस जोरायल गाउँपालिकाको ववेसाईट **jorayalmun.gov.np** बाट डाउनलोड गर्न सकिनेछ ।

अनुसूची -२

(दफा ५ को उपदफा ३ सगँ सबिधत)

बाँझो जमिनमा खेती गर्न ईच्छुक आवेदकमा सूचना यस जोरायल गाउँपालिका डोटीको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनसुार बाँझो जमिनमा करार खेती कार्यक्रम सञ्चालनको लागि बाँझो जमिन करारमा दिन इच्छुक व्यक्तिले तपसिल बमोजिमका कागजात सहित सूचीकृत हुनुको लागि जोरायल गाउँपालिका डोटीमा आवदेन दर्ता गर्न हुन आवहान गरिन्छ । साथै रित नपुगि हुन आएका आवेदनलाई कार्यक्रमका लागि यो समावेश गराउन नसकिने व्यहोरा समेत जानकारी गराईछ । साथै रित नपुगि प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागि समावशे हुन नसने व्यहोरा समेत जानकारी गराईछ ।

तपसिलः

१. . १०/- को हुलाक  टिकट टाँस गरेको अनुसूची -४ अनसुारको आवदेन,

२.संथा दर्ता, कर चुक्ता प्रमाण पत्रको  प्रतिलिप ।

३.अनुसूची -५ अनुसारको प्रतिबद्धता पत्र

४.नवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिप ।

५.सम्वन्धित वडाको  कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र  कार्यक्रम दिन उपयूक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

६.समूह वा सहकारीको हकमा बैठकले बॉझो जमिनमा करार खेती कार्यक्रम  माग  गर्नको लागि  गरेको निर्णयको प्रतिलिप,

पुनश्चः "बाँझो जमिनमा करार खेती कार्यक्रम  कार्यान्वयन कार्यविधि, २०८०” यस जोरायल गाउँपालिकाको ववेसाईट **jorayalmun.gov.np** बाट डाउनलोड गर्न सकिनेछ ।

अनुसूची -३

(दफा ६ को उपदफा १ संग सम्बन्धित)

आवेदन फाराम (बाँझो जमिन करारमा दिन ईच्छुक व्यक्तिको हकमा)

मितिः२०................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
जोरायल गाउँपालिका रावतकट्टे डोटी ।

विषयः सूचीकृत गरिदिने वारे ।

महोदय,

प्रस्तुत विषयमा तहाँ जोरायल गाउँपालिकाको सूचना भए अनुसार बाँझो जमिन करारमा दिन ईच्छुक भएको हुदा कार्यक्रममा सहभागी हुनको लागि देहाय बमोजिमको विवरण सहित तहाँ गाउँपालिकामा सूचीकृतको लागि यो निवेदन पेश गरेको छु।

तपसिलः

(क) ईच्छुक व्यक्तिको नाम :

(ख) ठेगाना (जिल्ला, स्थानिय तह, वडा र टोल):

(ग)जमिनको क्षेत्रफलः

(घ) जग्गाको कित्ता नम्बरः

(ङ)जग्गाको वर्गिकरणः

(च) जग्गा वरपर सिंचाई, भौतीक संरचना, साधन, उपकरण र जनशक्ति आवश्यक सम्बन्धी ववरणः

(छ) जग्गा रोक्का भए/नभएकोः

निवेदकः

नामः

ठेगानाः

छापः

अनुसूची- ४

(दफा ६ को उपदफा २ सँग सम्बन्धित )

आवेदन फाराम (आवेदकको हकमा)

मितिः २०.................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

जोरायल गाउँपालिका रावतकट्टे डोटी



जोरायल गाउँपालिका

विषयः निवेदन सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा जोरायल गाउँपालिका बाट सूचना भए अनुसार बाँझो जमिन करारमा खेती गर्न ईच्छुक भएको हुदा सो कार्यक्रममा सहभागी हुनको ला गि देहाय बमोजिको विवरण सहित तहाँ गाउँपालिकामा सूचीकृतको लागि यो निवेदन पेश गरेको छु।

तपसलः

१. संथाको नामः

२.ठेगाना (जिल्ला, स्थानिय तह, वडा र टोल):

३.खेती गर्न चाहने जमिनको क्षेत्रफलः

क.खेती गर्ने वालाको नामः

ख.निज/समूह/सहकारीको विवरणः

**i.**नाम र ठेगानाः

**ii.**कूल सदय संख्याः

**iii.**कुल सदस्य मध्ये खेती गर्ने सदस्य संख्याः

**iv.**कार्यक्रममा सहभागी हुने कृषक तथा क्षेत्रफल

| क्र स | सदस्यको नाम | ठेगाना | खेति गर्ने जग्गाको क्षेत्रफल | बाली र जात | कैफियत |
|---|---|---|---|---|---|

अनुसूची—- ५

(दफा ६ को उपदफा २ सँग सम्बन्धित)

प्रतिबद्धता— पत्र



जोरायल गाउँपालिका

जोरायल गाउँपालिकाको मिति .......................मा प्रकासित सूचना अनसुार बॉझो जमिनमा करार खेती कार्यक्रममा सहभागिताको लागि ईच्छुक भई सो को कार्ययोजना सहितको आवेदन पेश गरेको छु / छौ । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने छु / छौ र पाँच (५) वर्षसम्म निरन्तरता दिनेछु / छौ । कार्ययोजना अनसुारको कार्य नगरेमा वा पाँच (५) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा स्थानिय सरकारबाट अनदुान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु /छौ । संचालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिवद्धता समेत व्यक्त गर्दछु / छौ । साथै यस्तै प्रकृतिका कार्यक्रम संचालन गर्न यस अघि कुनै पनि सरकारी निकायबाट अनुदान सहयोग लिएका छैनौ । यसमा लेखिए बमोजिम नगरे प्रचलित काननू बमोजिम सहुँला /बुझौउँला ।

साझेदार संथाको तफबाट

नामः

पदः

संथाको नामः

ठेगनाः

सपक नं.

दस्खतः

मिति

आज्ञाले

गणेश दत्त भट्ट

प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका